## सानीभेरी गाउँपालिका, सिम्ली,रुकुम(पश्चिम),कर्णाली प्रदेश,नेपाल

# स्थानीय राजपत्र

**खण्ड: ६** **संख्या :०७** **मिति: २०७९/०६/०६**


# भाग-२
# सानीभेरी गाउँपालिका
# गाउँ कार्यापालिकाको कार्यालय

नेपालको संविधान बमोजिम स्थानीय गाउँ सभाले बनाएको तल लेखिए बमोजिमको ऐन कार्यविधि , नियमावली, मापदण्ड सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको।

### ४० वर्ष पुरा भएका अविवाहित महिला भत्ता व्यवस्थापन कार्यविधी, २०७९"

प्रस्तावना:

४० वर्ष पुरा भएका अविवाहित तथा विवाह पश्चात १२ वर्ष सम्म श्रीमानवाट अलग रही संरक्षणको समस्यामा रहेका महिलाको सशक्तिकरण, क्षमता तथा मर्यादा अभिवृद्धि गरी सामाजिक न्यायका लागि आर्थिक तथा सामाजिक दृष्टिले कम्जोर तथा विपन्न वर्गका महिलाको हित संरक्षण गर्दै आर्थिक सशक्तिकरण एवं जिविकोपार्जनमा सहयोग पुर्याउन बाञ्छनीय भएकोले सानीभेरी गाउँकार्यपालिकाले यस " ४० वर्ष पुरा भएका अविवाहित महिला भत्ता व्यवस्थापन सम्वन्धी कार्यविधी, २०७९" जारी गरिएको छ ।

परिच्छेद १

प्रारम्भिक

<u>१. संक्षिप्त नाम र प्रारम्भ</u> (१) यस कार्यविधिको नाम " ४० वर्ष पुरा भएका अविवाहित महिला भत्ता व्यवस्थापन सम्वन्धी कार्यविधी, २०७९" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

<u>२.परिभाषा:</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:–

सानीभेरी गाउँपालिका

(क) “गाउँपालिका" भन्नाले सानीभेरी गाउँपालिका रुकुम (पश्चिम) लाई सम्झनु पर्छ ।

(ख) “कार्यपालिका" भन्नाले सानीभेरी गाउँपालिका सरकारलाई सम्झनु पर्छ ।

(ग) “अध्यक्ष" भन्नाले सानीभेरी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ ।

(घ) “उपाध्यक्ष" भन्नाले सानीभेरी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ ।

(ङ) “प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सानिभेरी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ।

(च) “स्थानीय सरकार" भन्नाले सानीभेरी गाउँपालिका र नेपाल सरकारले तोकेको स्थानीय तहलाई सम्झनु पर्छ ।

(छ) “शासन संचालन ऐन" भन्नाले सानीभेरी गाउँपालिका शासन संचालन ऐन २०७४ लाई सम्झनु पर्छ ।

(ज) “शाखा भन्नाले" सामाजिक सुरक्षा हेर्ने शाखालाई सम्झनुपर्छ ।

(झ) “अविवाहित महिला" भन्नाले यस सानीभेरी गाउँपालिका भित्र बसोवास गर्ने अर्थात यस पालिकामा स्थायी ठेगाना रहेका ४० वर्ष पुरा गर्दा सम्म कानुनी वा सामाजिक रुपमा बैवाहित सम्वन्धमा नबाधिएका महिलालाई जनाउने छ । साथै सो परिभाषाभित्र विवाह पश्चात १२ वर्ष सम्म विभिन्न कारणले श्रीमानवाट अलग रहि एकल महिला सरह जीवनयापन गरेका महिलालाई समेत सम्झनु पर्छ ।

**३. कार्यक्रमको उद्देश्यः**

१) यस सानीभेरी गाउँपालिकाभित्र स्थायी ठेगाना भएका ४० वर्ष उमेर पुग्दा सम्म विवाह नगरेका एवं विवाह पश्चात १२ वर्ष सम्म विभिन्न कारणले श्रीमानवाट अलग रहि एकल महिला सरह जीवनयापन गरेका, संरक्षणको समस्यामा परेका महिलाहरुको संरक्षण स्वरुप मासिक रुपमा सामाजिक सुरक्षा भत्ता प्रदान गर्नु ।

२) जोखिममा रहेका महिलाहरुको संरक्षण गर्नु ।

३) लैंगिक हिंसा न्यूनिकरण गर्नु ।

४) महिला सशक्तिकरणको प्रक्रियामा टेवा पुर्याउनु।

सानीभेरी गाउँपालिका

परिच्छेद २

बजेट विनियोजन तथा कार्यक्रम संचालन

**४. बजेट व्यवस्थापनः** (१) प्रत्येक वर्ष गाउँसभाले ४० वर्ष पुरा भएका अविवाहित महिलालाई भत्ता व्यवस्थापनका लागि वजेट व्यवस्थापन गर्नुपर्नेछ ।

(२) यसै क्षेत्रमा खर्च गर्न इच्छुक निकायवाट सहायता भएमा लैंगिक निवारण कोषमा जम्मा गरेर सोही क्षेत्रमा खर्च गर्न सकिनेछ ।

**५. कार्यक्रम कार्यान्वयन तथा सिफारिस समितिः** जोखिममा रहेका महिलालाई संरक्षण गर्नका लागि लैंगिक हिंसा निवारण कोषलाई समेत आधार मानी काम गर्न सकिनेछ ।लैगिंक हिंसा निवारण कोषमा रहेको रकमलाई समेत यस समितिको निर्णयको आधारमा खर्च गर्ने गरी गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा एक कार्यक्रम कार्यान्वयन तथा सिफारिस समिति गठन गरिने छ ।

| | |
|---|---|
| (क) गाउँपालिकाको उपाध्यक्ष | संयोजक |
| (ख) सामाजिक विकास समिति संयोजक | सदस्य |
| (ग) सामाजिक सुरक्षा प्रमुख | सदस्य |
| (घ) आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| (ङ) महिला बालबालिका तथा समाज कल्याण शाखा | सदस्य सचिव |

६. शर्त वमोजिम खर्च गर्नेः दफा ४ बमोजिम विनियोजित रकम नेपाल सरकारले वितरण गर्ने सामाजिक सुरक्षा कार्यक्रममा दोहोरो नपर्ने गरी वितरण गर्नु पर्नेछ ।विनियोजित रकमलाई एक आ.व.को शुरुमा कार्यपालिकाले निर्णय गर्नुपर्नेछ भने त्रैमासिक रुपमा खर्च गर्दा यसै समितिको निर्णय बमोजिम आवश्यक कागजातको आधारमा आर्थिक प्रशासन शाखावाट लाभग्राहिको खातामा भुक्तानी दिनु पर्नेछ ।

**७. सभावाट विनियोजित रकम खर्च सम्वन्धीः** (१) पालिकावाट विनियोजन गरेको रकम लक्ष्य अनुसारको कार्यमा मात्र खर्च गर्नु पर्नेछ ।

परिच्छेद ३

लाभग्राही समूह तथा तथ्यांक व्यवस्थापन

**८. लाभग्राही समूहः** यस कार्यक्रममा देहाय बमोजिमको लागि मात्र लागू हुनेछः

(क) ४० वर्ष उमेर पुगेका गाउँपालिकामा स्थायी बसोवास गरेका अविवाहित नेपाली नागरिक महिला

(ख) ४० वर्ष पुरा गरेका अन्य पालिकावाट बसाईसराई गरी यस पालिकामा आएका महिला ।

(ग) विवाह भएको १२ वर्ष सम्म  विभिन्न कारणले श्रीमानवाट अलग रहि एकल महिला सरह जीवनयापन गरेका महिलालाई रहेका महिला ।

(घ) श्रीमान बाट १२ वर्ष सम्म अलग रहेको साथै ४० वर्ष उमेर पुरा भएका महिला ।

**९. नगद अनुदानको दरः** लाभग्रहीलाई नगद भत्ता दिँदा प्रति महिना रु २०००। अक्षरेपी दुई हजार का दरले  उपलब्ध गराईने छ ।

**१०. सार्वजनिक सूचना गर्नुपर्नेः** (१) ४० वर्ष उमेर पुरा गरेका वा विवाह पश्चात १२ वर्ष सम्म श्रीमानवाट अलग रहेका महिलाको अभिलेख प्रत्येक वर्षको भदौ मसान्त सम्ममा गाउँपालिकाले  सूचना प्रकाशन गरी तथ्याङ्क  अध्यावधिक गर्नुपर्नेछ ।तथ्यांक संकलन गर्दा निम्न कागजातको प्रतिलिपी लिई वडाले तथ्यांक व्यवस्थापन गरी गाउँपालिकाको सामाजिक सुरक्षा शाखामा पेश गर्नु पर्नेछ । गाउँपालिकाले अनुसुची १ अनुसारको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(२) दफा १ बमोजिम सूचना प्रकाशन गरे पश्चात तोकिएको म्यादभित्र पर्न आएका निवेदन उपर दफा ५ बमोजिम गठित समितिले छानविन गरी भत्ता प्राप्त गर्न योग्य लाभग्राहीहरुको अभिलेख खडा गरिनेछ ।

११. निवेदनका लागि आवश्यक प्रक्रियाः अविवाहित ४० वर्ष पुरा भएका तथा १२ वर्ष सम्म श्रीमानवाट अलग रहि ४० वर्ष पुगेका  महिलाले भत्ता पाउनका लागि निम्नानुसारका कागजातको प्रतिलिपी संलग्न राखी अनुसुची २ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(क) नेपाली नागरिकताको प्रतिलिपी

(ख) अविवाहित तथा १२ वर्ष सम्म श्रीमानवाट अलग रहेको भनि वडा कार्यालयले जारी गरेको सिफारिस तथा सर्जिमन मुचुल्का ।

(ग) बसाई सरी आएको भए सो को प्रमाण पत्र ।

(घ) सम्वन्ध विच्छेदको हकमा सम्बन्ध विच्छेद भएको  निस्सा।

१२. परिचय पत्र जारी गर्नु पर्नेः गाउँपालिकाले अविवाहित तथा १२ वर्ष सम्म श्रीमानवाट अलग रहेका महिला भत्ता अभिलेख व्यवस्थापन गर्नका लागि अनुसुची ३ बमोजिमको ढाँचामा परिचय पत्र गाउँकार्यपालिकाको कार्यलयको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारीवाट जारी गर्नेछ ।

१३. लगत कट्टा हुने अवस्थाः देहायको अवस्थामा लाभग्राहीहरुको नाम गाउँपालिकाको अभिलेखवाट कट्टा  गरिनेछः

(क) निज बसाईसराई गरि अनेत्र गएमा ।

(ख) निजले विवाह गरेमा ।

(ग) निजले नेपाल सरकारको नियमानुसार सामाजिक सुरक्षा भत्ता पाउने योग्य भएमा ।

(घ) निजको मृत्यू भएमा ।

(ङ) श्रीमानसँग पुर्नमिलन भएमा ।

(च) स्वंम आफुले पाउने भत्ता रकम नलिने भनि स्वघोषणा गरेमा ।

१४. कारवाहीको भागेदारी हुने

(क) झुटा विवरण पेश गरी भत्ता रकम बुझिलिएको पाईएमा निजवाट सो समय सम्म बुझेको रकम नियमानुसार हर्जना सहित सरकारी बाँकी सरह अशुल उपर गरिनेछ ।

(ख) झुटा सिफारिस गरि रकम बुझिलिएको पाइएमा उक्त रकम सिफारिस गर्ने र लिने दुवैवाट प्रचलित नियमानुसार अशुल उपर गरिनेछ ।

## परिच्छेद ४

## अनुगमन, लेखा प्रतिवेदन तथा अभिलेखिकरण

१५.अनुगमन तथा प्रतिवेदनः (१) कार्यक्रमको बार्षिक प्रतिवेदन जेष्ठ मसान्त सम्ममा वडा कार्यालयले तयार गरी गाउँपालिकाको सामाजिक सुरक्षा शाखामा पेश गर्नु पर्नेछ

(२) प्रतिवेदनको ढाँचा समितिले तोकिए बमोजिम हुनेछ ।

(३) यस कार्यविधि बमोजिम कार्यान्वयन हुने कार्यक्रमको अनुगमन यस समिति एवं सामाजिक सुरक्षा शाखाले गर्नेछ ।

(४) यस कार्यविधि बमोजिमको कार्यक्रम भए नभएको अनुगमन समितिले गर्नेछ ।

(५) समितिले स्थलगत अध्ययन गरी उद्देश्य अनुरुप काम भए नभएको पाएमा अनुदान रकम रोक्का गर्नका लागि कार्यपालिकामा सिफारिस गर्न सक्नेछ ।

१६. भुक्तानी सम्वन्धी व्यवस्थाः (१) गाउँसभावाट सम्वन्धित शिर्षकमा विनियोजन रकम आवश्यक कागजातको आधारमा स्वंय व्यक्तिको बैङ्क खातामा त्रैमासिक रुपमा जम्मा गरिने छ ।

१७.गुनासो दर्ता गर्न सक्नेः (१) अनुदानको लागि छनौट भएका लाभग्राहीहरुको नाम र अन्य प्रक्रिया उपर चित्त नबुझेमा गाउँपालिकाको सामाजिक सुरक्षा शाखामा दर्ता गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै गुनासो प्राप्त भएमा सामाजिक सुरक्षा शाखाले सो उपर आवश्यक जाँचवुझ गरी निर्णयको लागि कार्यपालिकामा पेश गर्नेछ ।

१८. थपघट हेरफेर तथा संशोधनः कार्यपालिकाले यस कार्यविधिलाई आवश्यकता अनुसार थपघट, हेरफेर वा संशोधन गर्न सक्नेछ ।

१९. बाधा अडकाउ फुकाउः यस कार्यविधि कार्यान्वयनका क्रममा कुनै बाँधा अडकाउ परेमा कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

मालिका गाउँपालिका

अनुसूची १

(दफा १० को उपदफा (१) सँग सम्वन्धित)

सुचनाको ढाँचा

सानीभेरी गाउँकार्यपालिकाको मिति............को ................औं बैठकको निर्णयवाट स्वीकृत " ४० वर्ष पुरा भएका अविवाहित महिला भत्ता व्यवस्थापन सम्वन्धी कार्यविधी, २०७९"बमोजिम मासिक रु.........( अक्षरेपी ..................................) भत्ता गाउँपालिकाका अविवाहित तथा १२ वर्ष सम्म श्रीमानवाट अलग रहेकाको आन्तरिक श्रोतवाट व्यवस्थापन गर्न सुचना प्रकाशन भएको मितिले १५ दिनभित्र देहायका बिवरण तथा कागजात संलग्न राखी सम्वन्धित वडा कार्यालयमा निवेदन दिनुहुन सम्वन्धित सवैमा जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी

(ख) अविवाहित तथा १२ वर्ष सम्म श्रीमानवाट अलग रहेको भनि वडा कार्यलयले जारी गरेको सिफारिस पत्र ।

(ग) वडाको सर्जमिन मुचुल्का ।

(घ) बसाइ सराई गरी आएको भए सो को प्रमाण पत्र ।

(ङ) पासपोर्ट साईजको ४ प्रति फोटा

(च) पालिकाले कारोवारो संचालन गरेको स्थानीय बैङ्कको खाता नं

सानीभेरी गाउँपालिका

अनुसूची २

(दफा ११ को उपदफा (१) सँग सम्वन्धित)

निवेदनको ढाँचा

मितिः

श्रीमान प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सानीभेरी गाउँपालिकाको कार्यालय, रुकुम (पश्चिम)

विषयः भत्ता उपलव्ध गराई पाउँ भन्ने वारे ।

महोदय,

प्रस्तुत विषयमा रुकुम (पश्चिम) सानीभेरी गाउँपालिका वडा नं ......वस्ने ...................... को छोरी/श्रीमती वर्ष.......की म ................................को हाल सम्म विवाहित नभएको/ श्रीमानसँग अलग भइ बसेको १२ वर्ष भएको हुदाँ नियमानुसार भत्ता उपलव्ध गराई दिनुहुन तपसिलमा उल्लेखित कागजातहरु संलग्न राखी यो निवेदन पेश गर्दछु ।

संलग्न कागजमतहरुः

(क) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपी

(ख) अविवाहित तथा १२ वर्ष सम्म श्रीमान वाट अलग रहेको भनि वडा कार्यलयले जारी गरेको सिफारिस पत्र ।

(ग)वडाको सर्जमिन मुचुल्का ।

(घ) बसाइ सराई गरी आएको भए सो को प्रमाण पत्र ।

(ङ)पासपोर्ट साईजको ४ प्रति फोटा

(च) पालिकाले कारोवारो संचालन गरेको स्थानीय बैङ्कको खाता नं

निवेदकको

दस्तखतः

नामः

ठेगानाः

सम्पर्क नंः

सानीभेरी गाउँपालिका

अनुसूची ३

(दफा १२ सँग सम्वन्धित)

लाभग्राही परिचय पत्रको ढाँचा

सानीभेरी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सिम्ली रुकुम (पश्चिम)

कर्णाली प्रदेश, नेपाल

<u>लाभग्राही परिचय पत्र</u>

परिचय पत्र नं:

लाभग्राहीको नाम थर:

जन्ममिति:

उमेर ...........

सम्पर्क नं:

स्थायी ठेगाना:

ना.प्र.नं:

संरक्षकको नाम:

फोटो

परिचय पत्र प्रदान गर्नेको

हस्ताक्षर:

नाम थर:

पद:

सानीभेरी गाउँपालिका

भत्ता वितरणको तालिका

| आर्थिक वर्ष | चौमासिक | रकम | बुझाउनेको दस्तखतः | बुझिलिनेको दस्तखतः |
|---|---|---|---|---|
| | प्रथम | | | |
| | दोश्रो | | | |
| | तेस्रो | | | |

आज्ञाले

दिपक बुढाथोकी

प्रमुख प्रशासकीय अधिकृत

सानीभेरी गाउँपालिका